## मिति २०८१ असार २८ गतेको ३३ औं कार्यपालिका बैठकका निर्णयहरु:

१) अघिल्लो कार्यपालिका वैठकले गरेका निर्णयहरुको कार्यान्वयनका सम्वन्धमा वैठकमा छलफल गरियो साथै उक्त निर्णयहरु पूर्णरुपमा कार्यान्वयन भएको जानकारी गराइयो ।

२) यस आ. व मा यो महिना सम्म सञ्चालन भएका योजनाहरुको नगर उप प्रमुख लगायतको अनुगमन समितिले अनुगमन गरि पेश गरेको प्रतिवेदन पारित गरियो ।

३) यस नगरपालिकाले हाल प्रदान गर्दै आएको कर्मचारीका प्रोत्साहन भत्ता लगायतका अन्य सेवा सुविधाको सम्वन्धमा नगरपालिकाको आन्तरिक आम्दानी तथा जनशक्ति व्यवस्थापन समेतलाई अध्ययन गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्नका लागि नगर प्रमुखको संयोजकत्वमा गठन भएको कार्यदलले पेश गरेको प्रतिवेदन बैठक समक्ष प्रस्तुत भयो । सोही प्रतिवेदन बमोजिमको सुविधा उपलव्ध गराउने प्रस्ताव नगरसभामा सिफारिस गर्ने ।

४) यस नगरपालिकाको परिमार्जित संगठन तथा व्यवस्थापन सर्वेक्षण ( O&M ) २०८१ लाई स्वीकृतार्थ सिफारिस सहित नगरसभामा पठाउने ।

५) माडी नगर क्षेत्रका कृषकहरु व्यवसायीक पशुपालन तर्फ आकर्षित भइरहेको परिप्रेक्ष्यमा खोरेत रोग नियन्त्रणका लागि खोरेत रोग विशेष जोनिङ्ग एण्ड कम्पार्टमेन्टलाइजेशन कार्यक्रम मागका लागि संघिय कृषि तथा पशुपञ्छी विकास मन्त्रालयमा सिफारिस गर्ने ।

६) नगरकार्यपालिकाको पूर्व बैठकबाट नगर उप प्रमुखको संयोजकत्वमा गठित भाडामा प्रयोग गरिएका कृषियन्त्र उपकरण तथा अटो रिक्साहरुको भाडादर अध्ययन समितिको प्रतिवेदन बमोजिम देहाय बमोजिमको भाडादर कायम गरि २०८१ श्रावण १ गते देखि लागू गर्ने ।

क) अटो रिक्सा तर्फको भाडादर:

| बसन्तपुरबाट खेरहनी | बसन्तपुरबाट भुजेल टोल | बसन्तपुरबाट तल्लो सितलपुर | बसन्तपुर बाट सिमरा धोबहा |
|---|---|---|---|
| सिधुवा चोक- ४० | अम्रौली-६० | लौगाई-५० | गुल्मेली टोल-५० |
| सिधुवा मिल - ५० | विरन्ची- ७० | चिरौली - ७० | वैराट चोक-६० |
| सिमल वोट - ५० | धूसी टोल - ७० | जोगीटोल - ८० | मलाहा टोल-७० |
| भण्डारी किराना पसल- ६० | सिम्रहनी - ८० | हनुमान चोक- १२० | पाकिस्तान टोल - ८० |
| खैरहनी दूध डेरी- ७० | गुरुङ्ग गाउ-१०० | बासु चोक-१२५ | वैराट लास्ट - ८० |
| रेडहिल चोक - ८० | सितलपुर मिल-१०० | स्वामिको खाल्टो-१५० | धोवाहा पहिलो गाउँ- ९० |
| कृषि फार्म-८० | मण्डारी टोल — ११५ | आपे टोल - १५० | धोवाहा म.च. - १०० |
| स्तम्भ चोक-१०० | | भंगता-१७५ | आर्मी क्याम्प-१५० |
| चर्चघर - ११० | | | रतनी-८० |
| घोसरी वारी-११५ | | | सिमरा-१५० |
| घोसरी पारी — १२५ | | | |

निर्णय प्रमाणित

२०८१।३।२८

तारा कुमारी काजी महतो

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| बसन्तपुरबाट/ढिकुरबारी घरघरे | बसन्तपुर बाट कसर मजुवा | बसन्तपुरबाट रामराज्यपुर | बसन्तपुरबाट<br>लक्ष्मीवास/स्याउलीवास |
| दराई चोक-४०<br>पानेश्वर मिल सम्म - ५०<br>मनिधोज चोक- ६०<br>बालबिकास/ढिकुरबारी-७०<br>राधापुर स्कुल चोक - ६०<br>टाढी टोल- जंगे टोल - ६०<br>घरघरे देउराली — ८० | मिलन चोक- ४०<br>कोट घर-५०<br>ब्रह्मपुरी स्कुल चोक - ५०<br>खड्के चोक-६०<br>कसर-७०<br>भुजेल टोल — १२५ | मिलन चोक- ४०<br>छ भाईटोल-५०<br>रामराज्यपुर गुरुङ गाउँ - ६०<br>लौकेली चोक- ७०<br>नारन चोक- ८० | देउराली डाँडा-६०<br>रुद्राचोक- ७०<br>देवीकोट-८०<br>भिउ टावर - १००<br>स्याउलीवास - १०० |
| बसन्तपुरबाट बगई (मेनरोड) | बसन्तपुरबाट शिवद्वार | बरुवाबाट ढिकुन खैरहनी | बरुवाबाट चिरौली अम्रौली- |
| कल्याणपुर - ५०<br>माछा चोक-६०<br>किर्तनपुर-७०<br>देवेन्द्रपुर-१००<br>शनी मन्दिर - १३०<br>जिवनपुर डाँडा- १३०<br>खरकट्टा-१५०<br>इन्द्रवस्ती-१८०<br>माथिल्लो जिवनपुर - २००<br>खरकट्टा टावर - १८०<br>कान्तिपुर- २५०<br>वैकुण्ठे - ३००<br>राम मन्दिर टम्टा वजार - २००<br>गणेश कुञ्ज-३५०<br>कृष्णनगर-३५०<br>खरीकुना-३८०<br>बगई- ४०० | हरिनगर-६०<br>सि.टि.भि.टी - ७०<br>गोपालनगर - ८०<br>मोटे चोक-१००<br>गौरीनगर-१३०<br>जगन्नाथपुरी-१३०<br>घाघर-१५०<br>शिवद्वार होमस्टे — २०० | भैरवपुर- ७५<br>भैरवपुर डाँडा गाउँ-१००<br>भैरवपुर वोटे टोल-१२५<br>वैराट-१२५<br>शिविर टोल - १००<br>खैरहनी रेडहिल - १५०<br>खैरहनी-१५० | चिरौली-५०<br>जिवनपुर पर्सा-७५<br>सिधुवा-७५<br>सिम्रहनी -१००<br>गुरुङ गाउँ-१२५<br>स्तम्भ-१७५<br>अम्रौली-१२५ |
| सेरुवा गेट चोकबाट- | बरुवाबाट/घोसरी/चैनपुर | सिधुवाबाट | बरुवाबाट/घोसरी/चैनपुर |
| रिउ पुल-५०<br>बनकट्टा वोटे टोल-७५<br>द्रौपति नगर - १००<br>पाण्डव नगर - १२५<br>गोढक कल्याणपुर कटेज-१२५ | सेरुवा -७५<br>पाण्डव नगर -२००<br>चैनपुर- ७५<br>शिकारीपुर- १२५<br>कल्याणपुर कटेज-१७५<br>चैनपुर आलेटोल-१२५<br>अंबा वास कुन्तिपुर- ७५<br>डाँडा गाउँ-१००<br>लक्ष्मुनिया- ७५<br>गैरी गाउँ-१२५<br>हनुमान चोक-१२५<br>स्वामिको खाल्टो १२५<br>आपे टोल-१२५<br>भंगता-१२० | भण्डारी किराना पसल - ३०<br>खैरहनी चोक तल- ४०<br>खैरहनी चोक माथी - ५०<br>चस्पाभार बगैंचा -५०<br>गोवर ग्यास - ४०<br>विरेश्री- ४०<br>अत्रौली-३०<br>धुसी टोल - ५०<br>सिम्रनी-५०<br>गुरुङ गाउँ-६०<br>स्तम्भ-६०<br>चर्चघर-७०<br>घोसरी वारी-८०<br>भसहेखा शिकारीपुर-७५ | द्रौपतिनगर-१७५<br>बनकट्टा वोटे टोल-१२५<br>कल्याणपुर-१५०<br>भंगता सालबोट - १०० |

निर्णय प्रमाणित ।

२०८१।३।२२

प्रमुख प्रशासकीय अधिकृत

...कुमारी काजी महतो
...कार प्रमुख

| | | | |
|---|---|---|---|
| | भुताहा खोला-१७५<br>भुजेल टोल-१७५<br>घोसरी-२०० | बजियाटार शिकारीपुर-५०<br>घोसरी पारी - १००<br>गर्दी-५०<br>भुजेल टोल — १०० | |

- मुख्य बजार क्षेत्रवाट १००० मिटर क्षेत्रभित्र जुनसुकै स्थानमा यात्रा गरेपनी एउटै भाडा हुने गरी पिक एण्ड ड्रप सिस्टम लागु गर्ने। साथै, पिक एण्ड ड्रप सिस्टम लागु भएको स्थानमा वाहेक अन्य स्थानमा एक जनामात्र यात्रु अटोबाट यात्रा गर्नु पर्ने अवस्थामा माडी अटो व्यवसायीबाट २ गुणा भाडा लिने गरेकोमा सो रकम घटाई हाल परिक्षणकाल अवधिभर १।५ गुणा हुने रकम मात्र भाडा कायम गर्ने।
- माडी नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण अटोरिक्साहरु माडी नगरपालिकामा दर्ता गरी अभिलेख राख्ने र अटो व्यवसायी अनुमती पत्र लिएर मात्रै अटो व्यवसाय सञ्चालन गर्ने/गराउने ।साथै,अटोहरुको जोखिम न्यूनीकरणका लागि अटो व्यवसायी अनुमती पत्र प्राप्त गर्न कम्तिमा तेस्रो पक्ष विमा र सवारी चालक अनुमती पत्र अनिवार्य गर्ने।
- माडी नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका अटो व्यवसायी र माडी नगरपालिका विच समन्वयात्मक कार्य गर्नका लागि अटो व्यवसायी समन्वय समिति गठन गर्ने र सो समिति माडी नगरपालिकामा दर्ता गर्ने।
- अटो स्टयाण्ड र अटो पार्किङ्गको लागि उपयुक्त स्थानहरुको अध्ययन गरी उचित व्यवस्थापन गर्ने।
- अटो व्यवसायी समन्वय समितिबाट भएको निर्णय कार्यान्वयन नगर्ने अटो व्यवसायीलाई नियमानुसार कानुनी कारवाही गर्ने

ख) ट्रयाक्टरको भाडादर

- हाइरो कल्टीले जोतेको १८०० प्रति घण्टा
- रोटाभेटरले जोतेको २१०० प्रति घण्टा
- थ्रेसर १८०० प्रति घण्टा
- रिपर १२६० प्रति घण्टा
- नेपाल सरकारका विभिन्न निकाय तथा अन्य संघ संस्थाको समन्वयवाट अनुदानमा प्राप्त गरेका यन्त्र उपकरणको हकमा उपरोक्त भाडादरमा १० प्रतिशत न्यून हुने गरि भाडादर निर्धारण गर्ने।
- उपरोक्तानुसारको भाडादर कार्यान्वयन नगर्ने व्यवसायीलाई नियमानुसार कारवाही गर्ने।

तारा कुमारी काजी महतो
नगर प्रमुख

निर्णय प्रमाणित
२०८०।३।२८
प्रमुख प्रशासकीय अधिकृत